सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री बालकृष्ण ढकाल
माननीय न्यायाधीश श्री नृपध्वज निरौला

आदेश

निवेदन नं. ०८३-RE-००४९

विषयः बेरितको आदेश बदर गरिपाऊँ।

शंकरलाल अग्रवाल............................................................................ निवेदक प्रतिवादी

विरुद्ध

नेपाल सरकार ............................................................................... विपक्षी वादी

मुद्दाः बैङ्किङ्ग कसूर।

श्री उच्च अदालत पाटन,

१. प्रस्तुत निवेदनसहितको मिसिल संलग्न कागजात अध्ययन गरी निवेदकका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री राधेश्याम अधिकारी, श्री बद्रीबहादुर कार्की, , श्री सतिशकृष्ण खरेल, श्री कृष्णप्रसाद सापकोटा, श्री रमनकुमार श्रेष्ठ, श्री सुरेन्द्र महतो तथा विद्वान् अधिवक्ताहरू श्री समिर शर्मा, श्री रमणकुमार कर्ण, श्री दिपेन्द्र झा, श्री विजय तिमल्सिना एवम् विपक्षी नेपाल सरकारकातर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताद्वय श्री दशरथ पंगेनी र श्री आदित्यकुमार यादवले गर्नुभएको बहससमेत सुनियो।

२. यसमा, निवेदकउपर सहप्रतिवादीहरु सुलभ अग्रवालसमेतले रु. ४२,१४,८८,८०७।०७ रुपैंया कर्जा दुरुपयोग गरेकोमा अप्रत्यक्ष सहयोग तथा मद्दत पुर्याउने कार्य गरी बैङ्किङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा १५(६) बमोजिम सजाय हुन अभियोग दावी भएकोमा तहाँ उच्च अदालत पाटनबाट मिति २०८३/०४/०७ मा भएको थुनछेक आदेशले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम मुद्दा पुर्पक्षका निम्ति थुनामा राख्ने गरे उपर सोही संहिताको दफा ७३ अन्तर्गत प्रस्तुत निवेदन परी पेश हुन आएको पाइयो ।

३. निवेदन प्रतिवेदन तथा झिकाई आएको सुरु मिसिल समेतको अवलोकनबाट यी निवेदक शंकरलाल अग्रवाल जगदम्बा स्टील प्रा. लि.को सञ्चालक वा शेयरधनी रहेको भन्ने नदेखिएको, कम्पनीले प्राप्त गरेको सहवित्तियकरण कर्जा सम्बन्धी कागजातमा निवेदकको हस्ताक्षर रहेको मिसिलबाट नदेखिएको, सो कम्पनीले बैंकसँग लिएको विवादित कर्जा रकमको साँवा व्याज भुक्तानी भई कर्जा नियमित गरिसकेको भन्ने देखिएको, कम्पनीको नाममा जग्गा खरिद गर्ने बारेको निर्णयमा यि निवेदकको उपस्थिति र संलग्नता रहेको नदेखिएको, जग्गा खरिदको लागि बैना वापत भुक्तानी भएका चेकहरूमा यी निवेदकको हस्ताक्षर नरहेको, बैना सम्झौतामा यि निवेदकको हस्ताक्षर भएको नदेखिएको र बैना रकम फिर्ता माग गर्ने बारेको जगदम्बा स्टीलको सञ्चालक समितिको बैठकमा यी निवेदकको उपस्थिति नरहेको साथै यी निवेदक कम्पनीको कुनैपनि कार्यकारी भूमिकामा रहेको नपाइएको, आरोपित कसूरमा निवेदक इन्कार रहेको तथा सहप्रतिवादीहरुले कर्जा दुरुपयोगको कार्यमा यी निवेदकको संलग्नता रहेको भन्ने स्पष्टतः नखुलाएतापनि उक्त जगदम्बा स्टीलको खाता यी निवेदक समेतको हस्ताक्षर (Signatory)बाट सञ्चालन हुने देखिएकोमा कसूरको प्रकृति र अभियोजन गरिएको कानूनी प्रबन्ध, निवेदकको उमेर, स्वास्थ्य अवस्थासमेतलाई मध्यनजर गर्दा निजलाई थुनामा नै राखी मुद्दा पुर्पक्ष गर्नुपर्ने सम्मको अवस्था देखिएन। तसर्थ, थुनामा राखी मुद्दा पुर्पक्ष गर्ने गरी तहाँको मिति २०८३/४/७ को आदेश बेरितको देखिँदा बदर गरिदिएको छ ।

४. अब, पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी निज निवेदक प्रतिवादी शंकरलाल अग्रवालबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र ७२ बमोजिम रु. १०,००,०००/- (दश लाख रुपैंया) बराबर नगद धरौट वा सो वापत बैंक जमानत लिई निवेदकलाई तारेखमा राखी मुद्दा पूर्पक्ष गर्नुहोला। —

न्यायाधीश

न्यायाधीश

इति संवत् २०८३ साल भाद्र ३१ गते रोज ४ शुभम् .........................................।